# टिकटक (Tiktok)को प्रयोग/पहुँचमा रोक लगाईएको विषयमा

# नेपाल दूरसञ्चार प्राधिकरणबाट जारी गरिएको

# अत्यन्त जरुरी सूचना

**(प्रकाशन मिति: २०८०/११/११)**

सामाजिक संजालको रुपमा प्रयोग भइरहेको टिकटकका माध्यमबाट सामाजिक सदभाव एवम् सामाजिक वातावरणमा नकारात्मक असर परिरहेकोले नेपालमा टिकटकको प्रयोगमा तत्काल रोक लगाउने नेपाल सरकारको निर्णय कार्यान्वयनको लागि दूरसञ्चार ऐन, २०५३ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी सवै इन्टरनेट सेवा प्रदायकहरु र मोवाइल सेवा प्रदायकहरुलाई प्राधिकरणबाट निर्देशन जारी भएकोमा केही सेवा प्रदायक कम्पनीहरुको नेटवर्कबाट टिकटक (Tiktok) मा पहुँच पुगिरहेको/टिकटक चलिरहेको पाईएकोले त्यस्ता सेवा प्रदायकहरुलाई प्राधिकरणबाट स्पष्टिकरण सोधिएको र दूरसञ्चार ऐन, २०५३ बमोजिम कारवाही प्रक्रिया अघि बढीसकेको हुँदा इन्टरनेट सेवा प्रदान गर्ने अन्य सेवा प्रदायक कम्पनीहरुलाई समेत प्राधिकरणको निर्देशन पालना गर्न र निर्देशन पालना नगरेको पाईएमा दूरसञ्चार ऐन, २०५३ बमोजिम कारवाही हुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईएको छ ।

साथै टिकटक(Tiktok)मा पहुँच पुगिरहेको/टिकटक चलिरहेको भए प्राधिकरणको इमेल ठेगाना **content@nta.gov.np** मा इमेल गरी त्यस्तो इन्टरनेट कम्पनीको बारेमा जानकारी गराउनुहुन समेत सबै इन्टरनेट सेवाग्राहीहरुलाई अनुरोध गरिएको छ ।

**नेपाल दूरसञ्चार प्राधिकरण**

**अनुगमन महाशाखा**

जमल, **काठमाडौं**

फोन नं : ५३५५४७४, फ्याक्स नं : ५३५५२५०

**Email: content@nta.gov.np, URL: www.nta.gov.np**